राजापुर नगरपालिका दोस्रो नगरसभाको ८ औं नगर अधिवेशनमा नगर उप प्रमुख श्री मनकला कुमारी चौधरीद्वारा प्रस्तुत

आ.व. २०८२/०८३ को

# वार्षिक नीति तथा कार्यक्रम

राजापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजापुर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल
२०८२ असार ०४ गते

नगरसभामा प्रस्तुत:

नगरसभाबाट पारित मिति : २०८२।०३।०८
प्रमाणिकरण मिति :२०८२।०३।३१

# राजापुर नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम, २०८२/८३

## राजापुर नगरपालिकाको ८ औँ गरिमामय नगरसभामा उपस्थित सभा अध्यक्ष तथा सभा सदस्यज्यूहरु,

राजापुर नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्ने अवसर प्राप्त गरेको छु। यस ८ औँ गरिमामय नगरसभामा राजनैतिक परिवर्तनको लागि जनयुद्ध, जन-आन्दोलनका, थारु आन्दोलन, मधेश आन्दोलन लगायत विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु र घाईते, अपांङ्ग हुनुभएका योद्धाहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

नेपालको संविधान बमोजिम मुलुकमा संघीयता संस्थागत भएको छ । नेपालले अनेकौँ आरोह-अवरोह र लामो एकात्मक शासन प्रणाली पश्चात संघिय प्रणालीको अवलम्बन गरेको छ। मुलुकको दिगो शान्ति, सुशासन, विकास र समृद्धिका लागि संघियताको सफल कार्यन्वयन नै हाम्रो निसाना हो । संविधानले परिकल्पना गरेका संरचनाहरु स्थापना र क्रियाशिल हुदै गएका छन् । संविधानले व्यवस्था गरेका नागरिकका मौलिक हकहरु प्रचलन गराउनुपर्ने विषय सबै सरकारका दायित्वका रुपमा रहेका छन। राजनीतिक आन्दोलनले पूर्णता पाईसकेको अवस्थामा अब जनताको आर्थिक समृद्धि हासिल गर्ने राष्ट्रिय अभियानमा हाम्रो ध्यान केन्द्रित गर्नुपर्ने अवस्थामा हामी आईपुगेका छौ।

"कृषि, पर्यटन, शिक्षा र पूर्वाधार, समृद्ध राजापुरको मुल आधार" निर्माणको लागि नगरमा नीतिगत, कानुनी र संस्थागत आधार तयार भई नगरपालिकाबाट सम्पादन गर्नुपर्ने कार्यले निरन्तरता पाएका छन् । स्थानीय सरकारले प्राप्त गरेका उपलब्धिलाई संस्थागत गर्दै संघीयताको मर्म अनुरूप नगरवासीहरुमा थप आशा भरोसा पैदा गर्न आर्थिक सामाजिक रुपान्तरण बढाउन मुख्य गरी सुशासन कायम गर्न स्थानीय सरकार प्रतिबद्ध रहेको छ।

नेपालको संविधान अनुसार संघ, प्रदेश र स्थानीय तहका एकल तथा साझा अधिकार कार्यान्वयनका लागि सरकारले गरेको दीर्घकालीन महत्वका निर्णय, १६ औँ आबधिक योजना प्रादेशिक योजना, दिगो विकास लक्ष्य, संघ तथा प्रदेश सरकारका क्षेत्रगत नीतिहरु र कार्यनीतिहरुलाई

आधारको रुपमा लिई स्थानीय सरकारले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम तय गर्न निम्न विषयलाई जोड दिएको छ।

१. आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने।
२. उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त हुने।
३. राजश्व परिचालन र आन्तरिक आयमा उल्लेख्य योगदान दिने।
४. सेवा प्रवाह, संस्थागत क्षमता अभिबृद्धि र सुशासन कायम गर्ने।
५. स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताको अभिबृद्धि गर्ने।
६. लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिबृद्धि गर्ने।
७. दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्याउने।
८. स्थान बिशेषको कला संस्कृति र पहिचान प्रबर्द्धन गर्ने।
९. लक्षित वर्गका जिविकोपार्जनमा सघाउ पुर्याउने।
१०. नगरकार्यपालिकाको विषयगत समितिका सुझाव र निर्देशन।
११. नगरपालिकाले आवश्यक देखेका विविध विषयहरु।

सभाध्यक्ष महोदय,

१. राष्ट्रिय भूउपयोग नीति बमोजिम कृषि भूमिलाई गैर कृषि प्रयोगमा ल्याउन निरुत्साहित गरिनेछ। कृषि भूमि व्यवस्थापनको उपयुक्त प्रविधि विकास गरी भूमिको वैज्ञानिक प्रयोगलाई बढावा दिइनेछ।

२. कृषिको व्यवसायीकरणका लागि भूमिको उपलब्धताको सुनिश्चितता गरिनुका साथै करार, सामुहिक वा सहकारी खेती प्रवर्द्धन गरिनेछ।

३. किसान, सहकारी, कृषि समूह र निजी क्षेत्रलाई प्रविधि सेवा तथा सहुलियत प्रदान गरिनेछ। पर्याप्त मात्रामा बिउ, बेर्ना नश्ल तथा मत्स्य विज उपलब्ध हुने व्यवस्था गरिनेछ।

४. कृत्रिम गर्भाधान तथा प्राकृतिक गर्भाधान सेवालाई समुदाय र सहकारी मार्फत विस्तार गरिनेछ।

५. कृषकहरूलाई गुणस्तरीय बिउ उपलब्ध गराउनका लागि मूल बिउको उत्पादनलाई प्राथमिकता दिइनेछ।

६. कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रीकरण नवप्रवर्द्धन तथा कृषक सम्मान जस्ता कार्यक्रमको माध्यमबाट कृषि पेशालाई सम्मानजनक पेशाको रुपमा रुपान्तरण गरिनेछ। साथै किसान सूचीकरण कार्यलाई निरन्तरता दिइनेछ।

७. राजापुर नगरपालिका क्षेत्रमा कृषिजन्य उद्योगको स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। कृषि उद्योग व्यवसायलाई प्रवर्द्धनको लागि उत्पादन क्षेत्र नजिक संकलन केन्द्र, खुद्रा बजार तथा कृषि हाटबजारको विकास तथा व्यवस्थापन गरिनेछ।

८. प्राङ्गारिक खेती प्रणाली विस्तारका लागि प्राङ्गारिक खेतीको उपयुक्त क्षेत्र तथा बाली तोकी आवश्यक गुणस्तरिय उत्पादन सामग्रीको उपलब्धता सुनिश्चित गरिनेछ।

९. माटोको उर्वरा शक्ति परीक्षणलाई सर्वसुलभ बनाइनेछ। माटोको उर्वरा शक्तिको अभिवृद्धिको लागि रासायनिक मल प्रयोगको सट्टा गड्यौला मल, ढैँचा खेतीलाई प्रवर्द्धन गरिनेछ।

१०. स्थानीय स्तरमा उपलब्ध रैथाने बिउ जात वा नस्लका साथै पशुपंक्षीको दीर्घकालिन संरक्षण तथा प्रवर्द्धन गर्ने व्यवस्था गरिनेछ।

११. साना तथा सिमान्तकृत कृषकहरुको ठूला तथा महंगा कृषि यन्त्रहरुमा पहुँच बढाउन निजी तथा सहकारी क्षेत्रको लागत साझेदारीमा पोष्ट हार्भेष्ट सुबिधा सहितका कृषियन्त्र भाडा केन्द्रहरुको स्थापना तथा सुदृढ्किरण गरिनेछ। निजी तथा सहकारी क्षेत्रको सहभागितामा शितघर (Cold Store) निर्माण तथा सञ्चालन गरिनेछ।

१२. कर्जा लगानीका लागि आवश्यक पर्ने व्यावसायिक योजना तर्जुमा गर्न उद्यमीहरूको क्षमता विकास गरिनेछ।

१३. प्राथमिकता प्राप्त कृषि व्यवसाय तथा उद्यममा लगानी भएका कर्जामा ब्याज अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

१४. असल कृषि अभ्यास प्रारङ्गरीक खेती प्रणाली विषादी न्यूनीकरण आदिको मापदण्ड तयार गरी नियमित अनुगमन गरिनेछ।

१५. स्थानीय नश्लका गाई भैसी, बाख्रा आदिको नश्ल सुधारका लागि उन्नत तथा वर्णशंकर जातका पशुपंक्षी वितरण गरिनेछ।

१६. हिउदे बर्षे तथा बहुवर्षीय घाँस विकास कार्यक्रमहरू सञ्चालन गरी बाह्रै महिना हरियो घाँस उत्पादन गर्ने प्रविधि कार्यान्वयनमा ल्याइनेछ।

१७. व्यावसायिक पशुपालन गर्दा अवलम्बन गर्नुपर्ने व्यवसायिक गोठ तथा भकारो, सन्तुलित आहारा, परिजीवी नियन्त्रण रोग विरुद्धको खोप सेवा जस्ता आवश्यक आधारभूत कार्यहरू र जैविक सुरक्षा विधि तथा प्रविधिक परामर्श सेवा उपलब्ध गराइनेछ।

१८. दुध उत्पादनलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्न उत्पादनमा आधारित प्रोत्साहन अनुदान वितरण गरिनेछ।

१९. बाँझो सार्वजनिक जग्गा, नदी उकास, खोला किनारका जग्गाहरूलाई नगरपालिकाले तथ्याङ्क सङ्कलन एवं सूचीकरण गरी सामूहिक खेती एवं करार खेती गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

२०. प्रत्येक वडाहरूमा सङ्कलन केन्द्र तथा कृषि हाट बजार स्थापना र सञ्चालन गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण विस्तार गरिनेछ।

२१. कृषि तथा पशुजन्य उत्पादनहरूको सुरक्षित र ढुवानीको लागि कृषि एम्बुलेन्सको व्यवस्था गरिनेछ।

२२. सम्भाव्यता अध्ययन गरी कृषि नमुना पर्यटन क्षेत्र तोकि प्राङ्गारिक खेती प्रणाली र होमस्टे कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

२३. निःशुल्क कृषि तथा पशु बिमा कार्यक्रम सञ्चालन गर्न बीमा कोषको स्थापना गरिनेछ।

२४. छाडा पशु चौपाया नियन्त्रणका लागि रेबिज विरुद्धको खोप कार्यक्रम संचालन, कान्जी हाउस निर्माण, जनचेतना अभिवृद्धि, छाडा कुकुर संख्या नियन्त्रण गरिनेछ।

२५. नगरक्षेत्र भित्रका कृषि व्यवसायलाई मर्यादित र व्यवस्थित गर्न एक घर एक करेसाबारी, एक घर पाँच विरुवाको नीति लिईनेछ।

२६. यस क्षेत्रमा उत्पादन हुने दुधको बजारीकरणका लागि स्थापित दुग्ध चिस्यान केन्द्रलाई व्यवस्थित रुपमा संचालन गर्न प्रोत्साहन गरिनेछ। दुग्ध प्रशोधन गरि दुग्धजन्य परिकार बनाउनलाई विशेष प्राथमिकता दिइनेछ। पशुपालक कृषकलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनुका साथै घाँस उत्पादनका लागि पकेट क्षेत्रहरु विकास गरिनेछ।

२७. कृषियोग्य जमिनको अव्यवस्थित तथा गैर कानुनी खण्डीकरणलाई निरुत्साहित गरि कृषि योग्य जमिनलाई बाँझो राख्न नपाइने व्यवस्था गरिनेछ।

२८. कृषि तथा पशु बिमा अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ। किसानलाई प्रोत्सहित गर्न सामुहिक खेती, करार खेती लाइ विशेष प्राथमिकता दिइनेछ। बगर खेती कार्यक्रमहरु संचालन गरिनेछ।

२९. कृषि खेतीको लागि मुल बिँउ उत्पादन गर्नको लागि कृषि समुह र कृषि सहकारीलाई प्रोत्साहन गरिनेछ। सामुहिक तथा सहकारीबाट व्यवसयिक कृषि उत्पादन गर्ने समूहहरुलाई बिशेष अनुदानको व्यवस्था गरिनेछ।

३०. कृषि तथा पशुपंक्षिजन्य उत्पादनमा व्यावसायीकरण, विविधिकरण, बजारीकरण र आधुनिकीकरण गर्दै खाद्यसुरक्षाको स्थिति मजबुत बनाई थप रोजगारीका अवसरहरु

सिर्जना गरिनेछ । नगरलाई कृषि तथा पशुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भर बनाउन जोड दिइने छ ।

३१. कृषि क्षेत्रलाई प्रतिस्पर्धी र उत्पादनमुखी बनाउन सिंचाई, कृषि सडक, ग्रामिण विद्युतिकरण, थोक बजार, कृषि उपज संकलन केन्द्र, प्रशोधन केन्द्र, मौसमी तथा बेमौसमी तरकारीलाई टिकाई राख्न, DPR अनुसार कोल्ड स्टोर, हाटबजार जस्ता पूर्वाधारहरुको निर्माणको लागि संघीय र प्रादेशिक सरकारसँग विशेष पहल गरिनेछ ।

३२. किसानहरुको कृषि उत्पादनमा बृद्धिका लागि रासायनिक मलको उपलब्धता गराउन संघिय र प्रदेश सरकारको समन्वयमा स्थानीय सहकारी मार्फत वितरण प्रणाली व्यवस्थित र प्रभावकारी बनाउन समय सीमालाई समेत मध्ये नजर गरी सोही अनुसारको समय तालिका तय गरिनेछ ।

३३. भु-उपयोग योजनालाई कडाइपूर्वक लागु गरिनेछ । उर्वर कृषियोग्य जमिनलाई गैरकृषि प्रयोगमा ल्याउन निरुत्साहित गरिनेछ । साना सिचांई, डिप बोरिङ्ग, स्यालो ट्यूववेलको माध्यमबाट प्रभावकारी सिंचाई व्यवस्था गर्न संघ सरकार र प्रदेश सरकार सँग समन्वय गरिनेछ ।

३४. कृषक पाठशाला अवधारणा अगाडि बढाउने नीति अबलम्बन गर्नुका साथै तरकारी, फलफुल तथा दुग्ध उत्पादनको आधारमा अनुदान दिइनेछ ।

३५. अपाङ्ग महिला र विपन्न महिलाहरुको लागि स्थानिय (रैथाने) कुखुरा पालन कार्यक्रम प्रवर्द्धन गरिनेछ साथै बहुक्षेत्रिय पोषणका सूचक सँग आबद्ध गरिनेछ ।

३६. नगरमा स्वच्छ, व्यवस्थित मासु पसल सुधार एवं व्यवस्थापन गर्न सहयोग गरिनेछ । मासुको शुद्धता र मासु पसलको व्यवस्थापनका लागि उत्पादनमा आधारीत अनुदानका साथै अनुगमन कार्यलाई समेत प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

३७. नगर प्रमुख उद्यमशिलता आय आर्जन तथा सीप विकास कार्यक्रमलाई निरन्तराता दिइनेछ र ५० प्रतिशत महिला उद्यमी उत्पादन गरिने कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

३८. नेपाल भारत सीमानामा जंगलीजनावरबाट किसानको बालिनाली बचाउन उज्यालो सीमा सुरक्षा कार्यक्रमका साथै विद्युतीय तारबारलाई निरन्तरता दिइनेछ ।

३९. नगरपालिकाको कार्यक्षेत्रभित्र रहेको सहकारीहरुलाई समय सापेक्ष सहकारीका पदाधिकारी/सदस्य/व्यवस्थापकलाई कर्जा व्यवस्थापन तथा COPOMIS लगायतका तालिम संचालन गरी क्षमता अभिबृद्धि र अभिलेखिकरण गरिनेछ । "एक सहकारी एक उत्पादन नीति" लिइनेछ ।

४०. राजापुर समृद्धिका आधार कृषि पर्यटन विकास र पुर्वाधार कृषि गुरु योजना निर्माण गरिनेछ ।

४१. संघ र प्रदेश सरकारसँग समन्वय गरि राजापुर नगरपालिकालाई कृषि विशेष आर्थिक क्षेत्र घोषणा गर्ने रणनीति तयार गरिनेछ । धान सुपरजोनका साथै अन्य कृषि उत्पादनलाई स्थायित्व कायम गर्नको लागि आवश्यक पहल गरिनेछ ।

४२. स्थानीय सिप, श्रोत, साधन, प्रविधि र कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योग प्रबर्द्धन कार्यक्रमसँग नीति तय गरि कार्यक्रम लागु गरिनेछ ।

४३. "स्वास्थ जीवनको अभियान विषाधी रहित खानपान" अन्तर्गत नगरपालिका भित्र उत्पादन हुने Organic तरकारी एवं फलफुलको अधिकतम प्रयोग सम्बन्धी प्रचार सामग्री निर्माण एवं सम्प्रेषण गरिने छ ।

४४. नगरपालिका भित्र उत्पादन हुने कृषिजन्य बस्तुबाट निर्माण गर्न सकिने सुख्खा खाजा उत्पादन र प्याकेजिङ तालिम प्रदान गरिने छ र हरेक पसलहरुमा त्यस्ता सुख्खा खाजाहरुलाई बालबालिकाहरुले देख्ने स्थानमा राख्ने अभियान संचालन गरिने छ ।

सभाअध्क्ष महोदय,

४५. अनिवार्य तथा निशुल्क शिक्षाको अधारभुत सिद्धान्त, विश्वव्यापी मान्यता तथा नेपालको संविधानको मर्म र भवना अनुरुप अनिवार्य तथा निशुल्क शिक्षालाई थप प्रभावकारी बिस्तार गरिनेछ ।

४६. विद्यालय बाहिर रहेका आधारभुत शिक्षा उमेरका बालबालिकालाई विद्यालयमा ल्याउन तथा औपचारिक रुपमा आधारभुत शिक्षा पुरा गराउन विद्यालय समुदाय साझेदारी अभियान संचालन गरिनेछ ।

४७. आधारभुत तहको शिक्षा प्राप्त नगरेका युवा तथा जेष्ठ नागरिकहरुलाई साक्षरता विकास अनौपचारीक शिक्षा तथा बैकल्पिक विधिको प्रयोगबाट निर्धारित अवधिमा आधारभुत तह तथा सो सरहको शिक्षा पुरा गराउन पहल गरिनेछ ।

४८. बालबालिकाको सर्वाङ्गीण बिकासमा केन्द्रीत प्रारम्भिक बालबिकास तथा शिक्षालाई गुणस्तरिय र प्रभावकारी बनाउन प्रारम्भिक बालबिकास शिक्षिकालाई मन्टेश्वरी तालिम संचालन गरिनेछ।

४९. गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निशुल्क पहुच सुनिश्चित गर्दै सिर्जनशिलता, रचनात्मकता, अध्ययनशिलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सीपयुक्त एवम उत्पदनशिल जनशक्ति तयार गरिनेछ ।

५०. प्राबिधिक तथा व्यावसायीक शिक्षा र तालीम व्यापक बिस्तार गरिनेछ ।

५१. विद्यालयमा प्रारम्भिक तहदेखी नै सुचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको माध्यमको रूपमा प्रयोग गरिनेछ । डिजिटल शैक्षिक सामाग्रीको प्रयोगलाई थप विद्यालयमा विस्तार गरिनेछ।

५२. सबै बिद्यालयहरू अनलाइनमा आधारित सामाग्रीहक प्रयोग अनुकुल एबम् सुरक्षित बाताबरण तयार पारिनेछ।

५३. सुचना तथा संचार, प्रविधिलाई शिक्षा प्रणालीको अभिन्न अंगको रुपमा एकीकृत गर्दै प्रबिधिमा आधारित पठन पाठन प्रक्रियाको, अबलम्बन गर्न पूर्वाधारको विकास, शिक्षक क्षमता अभिबृद्धी र अनुकुल बातावरण निर्माण गरिनेछ।

५४. विद्यालय शिक्षालाई गुणस्तयुक्त बनाउन नियमित अनुगमन निरीक्षण र सुपरीवेक्षणलाई प्रभावकारी बनाउन स्थलगत र विद्युतिय दुबै प्रकारबाट हुने व्यवस्था मिलाइनेछ ।

५५. सुपरीवेक्षणलाई विद्यालय आधारित बनाउन विद्यालयका प्रधानाध्यापक, अनुभवी शिक्षक वा मेन्टर र समकक्षी शिक्षकबाट सुपरीवेक्षण गर्ने परिपाटी शुरु गरिनेछ।

५६. परीक्षा र मुल्याङ्कनको लेखाजोखा गर्न, नतिजा विश्लेषण गर्ने र नतिजाका आधारमा शिक्षण सिकाई सुधार योजना तयार गरी कार्यान्वयनमा ल्याउने जस्ता कार्यलाई व्यवस्थित गरिनेछ ।

५७. भौगौलिक अवस्था, जनसंख्या, सामार्थ्य र पुर्वाधार विकासको स्थितिलाई आधार मानि अध्ययन अध्यापनलाई प्रभावकारी बनाउन आधारभूत तथा माध्यामिक विद्यालयको बिभिन्न कक्षामा शिक्षक बिद्यार्थी अनुपातलाई पुनराबलोकन गरिनेछ।

५८. बिद्यार्थी संख्या, भौतिक पुर्वाधार, जनशक्ति व्यवस्थापन विद्यालयको तह, परीक्षाको परिणाम, गुणस्तर, खेलकुद अतिरिक्त क्रियाकलाप व्यवस्थापकीय कुशलताका आधारमा विद्यालयको स्तर निर्धारण गरिनेछ।

५९. विद्यालय हातामा खानेपानी शौचालय खेलमैदान सरसफाइ किट, प्राथिमक उपचार बाकसको, अनिबार्य व्यवस्था गरिनेछ।

६०. बिद्यालयको बाताबरण, स्वच्छ सुन्दर हरियाली युक्त बनाई विद्यालयलाई बाताबरणमैत्री हरित संस्थाका रुपमा विकास गरिनेछ।

६१. "एक विद्यार्थी एक बिरुवा र एक विद्यालय एक बगैचा" कार्यक्रम सञ्चालन गरी विद्यालय निर्माण कार्यलाई तिव्रता दिइनेछ।

६२. एउटै विद्यालय वा छिमेक रहेका विद्यालयका शिक्षकबिच पेसागत साझेदारी अनुभव आदान प्रदान तथा कक्षा अबलोकन गरी एक अर्काबाट सिक्ने व्यवस्था 'मिलाइनेछ।

६३. विद्यालय शिक्षकको निरन्तर पेशागत विकासको लागी तालीम, कार्यशाला, सेमिनार, अबलोकन भ्रमण, प्रतिबिम्बन शिक्षक नेटवर्क, सहकार्यताका रुपमा गरिने अनुसन्धान, मेन्टरीङ, कोचीङ आदी सन्चालन गरिनेछ।

६४. स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्य सामाग्री निर्माण कार्यान्वयनका लागि विद्यालयको क्षमता विकास गरिनेछ। पाठ्यक्रम पुनर्सङ्गठन र कार्यान्वयनका लागि शिक्षकको क्षमता विकास गरिनेछ।

६५. पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सिमा र पूर्वाधारको स्थिती समेतको आधारमा नीजि लगानीका विद्यालयहरुको प्रभावकारीता नियमन गरिनेछ।

६६. निजी लगानीमा संचालित विद्यालयहरुको प्रचलित नियमानुसार प्रदान गर्नु पर्ने १० प्रतिशत छात्रबृत्तिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

६७. विपन्न, जेहेन्दार, विपन्न दलित अपाङ्गता भएका लक्षित वर्गहरुको पहिचान गरी निशुल्क छात्रबृत्ति प्रदान गरिनेछ।

६८. सबै विद्यालयका शिक्षक, प्रधानाध्यापक, कर्मचारी र पदाधिकारीको पेशागत आचरसंहिता तयार गरी लागु गरिनेछ। सो अनुसार भए नभएको प्रभावकारी अनुगमन गरिनेछ।

६९. प्रधानाध्यापक, शिक्षकहरुको कार्यसम्पादन मुल्याङ्कन, प्रक्रियालाई पारदर्शी तथा नतिजामा आधारीत बनाउन कार्यसम्पादन सम्झौता गरिनेछ।

७०. विद्यालयका शिक्षक, कर्मचारीहरु तोकिएको दैनिक कार्य, समयावधिभर शिक्षासंग सम्बन्धित बाहेक अन्य कुनै पनि पेशामा आवद्ध हुने वा राजनितिक कृयाकलापमा सहभगी हुने कार्यमा रोक लगाईनेछ।

७१. राजापुर नगरपालिकाको शैक्षिक गुणस्तर सुदृढिकरणको लागि तयार भएको शैक्षिक गुरुयोजना प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

७२. “हरेक अभिभावक एक दिनको लागि शिक्षक” कार्यक्रमको निर्देशिका निर्माण गरि लागु गरिने छ। अभिभावक-विद्यालय सहकार्य कार्यक्रम संचालन गरिनेछ।

७३. नगरपालिकामा कम्तिमा ३ अन्तराष्ट्रिय भाषा अध्ययनको क्याम संचालन गरिने छ।

७४. अग्रेजी, नेपाली, गणित र विज्ञानको सिकाईलाई सशक्त बनाउन घुम्ती शिविर र प्रतियोगितात्मक कार्यक्रमहरुलाई नमुनाको रुपमा सुरुवात शिविर गरिने छ।

७५. नगरपालिकाको विकासमा अपरिहार्य जनशक्ति विकासको योजना निर्माण गर्ने र सोको कार्यान्वयनको लागि आवश्यक शैक्षिक संस्था, प्रदेश एवं संघिय सरकार सँग सहकार्य गरिने छ।

७६. एक विद्यार्थी एक महिनामा एक पुस्तक अभियान संचालन गरिने छ।

७७. “बुढा-बुढी कथा सुनाउने, बाबु-नानी प्रविधि सिकाउने” कार्यक्रम लागु गरिने छ।

७८. विद्यालयमा विद्यार्थी भर्ना दर अभिवृद्धि गर्ने उद्देश्य राखी विद्यालयबाट छात्रछात्रा भागेर घर जाने होइन घरबाट भागेर विद्यालय जाने बानीको विकास गराउन वालविकास केन्द्रलाई नमूना वालविकास केन्द्रको रुपमा विकास गरिनेछ।

७९. विद्यार्थीले विद्यालय छाड्ने दरलाई शुन्यमा झार्ने नीति लिइनेछ।

८०. गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षा क्षेत्रमा सुधारको अभियानलाई निरन्तरता दिइनेछ साथै शिक्षा सुधार क्षेत्रमा सहयोग पुर्याउने विकास साझेदार संस्थाको समेत सहयोग लिइनेछ।

८१. प्राविधिक धार तर्फको शिक्षा विकास तथा विज्ञान विषयमा दस जोड दुईका कक्षा सञ्चालनमा जोड दिइनेछ। प्राविधिक धार भएका विद्यालयका कक्षा ९,१०,११ र १२ का छात्रछात्राहरुलाई उद्यमशील बनाई रोजगार सिर्जना तर्फ उन्मुख गराइनेछ । छात्रछात्राहरुलाई "पढदै, कमाउदै, रमाउदै" को नीति अवलम्बन गरिनेछ।

८२. सामुदायिक र संस्थागत विद्यालयहरुको विचमा शैक्षिक उपलब्धीका लागि प्रतिस्पर्धाको वातावरण सृजना गरिनेछ।

८३. सामुदायिक विद्यालयहरुको विद्यार्थी संख्या, शैक्षिक गुणस्तर तथा भूगोलको आधारमा एक आपसमा मर्ज गर्ने तथा सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या अनुपातको आधारमा नगरभित्र शिक्षक दरबन्दी मिलान कार्यलाई निरन्तरता दिइनेछ।

८४. टुहुरा, असहाय बालबालिकाहरुको पालन पोषण, संरक्षण र शिक्षाको लागि नगरपालिकाबाट उचित व्यवस्था मिलाइनेछ। त्यस्ता बालबालिकाहरुको उच्च शिक्षामा सहयोग तथा रोजगार सिर्जनामा पहल गरिनेछ।

८५. उच्च शिक्षाको पहुँचलाई सहज बनाउन नगरभित्र सञ्चालित क्याम्पसहरुको विकासका लागि आवश्यक व्यवस्था मिलाइनेछ साथै जेहेन्दार तथा विपन्न छात्रछात्राहरुलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृतिको व्यवस्था गरिनेछ।

८६. विद्यालय कर्मचारी, वालविकास सहजकर्ता र सिकाइकेन्द्रका सहजकर्ताहरुलाई संघीय सरकारले बिनियोजन गरेको रकममा नगरपालिकाले न्यूनतम तलब भत्ताको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

८७. प्राविधिक शिक्षालयको संरचना तयार भई सकेकाले आर्थिक वर्ष २०८२/०८३ भित्र प्राविधिक धार संचालनको लागी आवश्यक प्रक्रियाको पहल गरिनेछ ।

८८. राजापुर नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा १०+२ को विज्ञान विषयको कक्षा संचालन गर्ने सामुदायिक विद्यालयलाई थप अनुदानको व्यवस्था गरिनेछ साथै विज्ञान संकायलाई उच्च शिक्षा सम्म प्राथमिकतामा राखिनेछ ।

८९. अमर शहिद श्री दशरथ चन्द माध्यमिक विद्यालयमा कृषि पशु प्राविधिक भवनको लागि संघीय सरकारसँग पहल गरिनेछ ।

९०. पालिकाभित्र रहेका सबै विद्यालयहरुमा शैक्षिक गतिविधी निगरानी गर्न डिजटल मोनिटरिङ्गको व्यवस्थाका लागि CCTV Camera प्रविधि जडान गरिनेछ ।

सभाध्यक्ष महोदय,

९१. स्वस्थ्य शिशुको जन्म लगायत सुरक्षित मातृत्व सम्बन्धी सम्पूर्ण सेवाको गुणस्तरीयता अभिवृद्धि गर्दै आमा र नवजात शिशुको स्वास्थ्य प्रवर्धन गरिनेछ। बिरामी हुने तथा ज्यान जोखिममा पर्ने सम्भावनालाई न्यूनीकरण गरिनेछ ।

९२. बालबालिकाहरुमा स्वस्थ सक्रिय सक्षम सृजनशील र सकारात्मक सोच विकास गर्न आवश्यक वातावरण प्रबन्ध गरिनेछ।|

९३. स्वस्थ्य ताजा र जैविक खानेकुराहरूको उत्पादन उपभोगको अवस्थालाई प्रबर्द्धन गर्दै नगरवासीहरूमा पौष्टिक तत्त्वको अभाव तथा अस्वस्थकर खानाबाट उत्पन्न भएका स्वास्थ्य समस्याको क्रमश न्यूनीकरण गरिनेछ।

९४. यौन तथा प्रजनन स्वास्थ्य र अधिकार संग सम्बन्धित शिक्षा सूचना र सेवामा नगरवासीहरूको पहुँच वृद्धि गरिनेछ।|

९५. नगर क्षेत्रभित्रका सबै जेष्ठ नागरिकहरूलाई सम्मानपुर्ण मर्यादित र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।|

९६. संघ प्रदेश सरकारको सँगको समन्वय र सहकार्यमा दुषित हावा, पानी, खाना र वातावरण तथा असुरक्षित व्यवहारबाट हुनसक्ने सरुवा रोगहरुको रोकथाम तथा नियन्त्रण गरिनेछ।|

९७. नगरक्षेत्र भित्र बढ्दै गएको नसर्ने रोगको मारलाई मध्यनजर गर्दै संघ तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा यसको रोकथाम तथा नियन्त्रण गरिनेछ।|

९८. मानसिक स्वास्थ्य समस्याको न्यूनीकरण तथा उचित व्यवस्थापन गरिनेछ।|

९९. विपद् वा महामारी भएका अवस्थामा तत्काल व्यवस्थापन गर्न सक्ने गरी नगरपालिका तथा नगरवासीको क्षमता विकास गरी नगर क्षेत्रभित्र हुनसक्ने सम्भावित विपद् तथा महामारी न्यूनीकरण तथा व्यवस्थापन गरिनेछ।|

१००. नगरवासीको सहभागिता तथा सहयोगमा वायु तथा ध्वनी प्रदूषण लगायत अन्य प्रदूषणको न्यूनीकरण र फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ।|

१०१. आयुर्वेद तथा वैकल्पिक चिकित्सालाई थप वैज्ञानिकरण गर्दै मूल प्रवाहीकरण गरिनेछ।

१०२. आधुनिक सूचना प्रविधिको प्रयोग गरी संघ तथा प्रदेश सरकारसँगको समन्वयमा नगर क्षेत्रभित्रका स्वास्थ्य संस्था र कार्यक्रमहरुको सूचना वितरण बास्तबिक समयमा आधारित (Real Time) हुने गरी स्थानीय स्वास्थ्य सूचना प्रणालीको स्थापना र सञ्चालन गरिनेछ।

१०३. नगर क्षेत्रभित्रका नियमित र आकस्मिक आवश्यकताका लागि आवश्यक पर्ने औषधि लगायत स्वास्थ्य समाग्रीको आपूर्ति भण्डारण र वितरणलाई व्यवस्थित गरिनेछ।

१०४. नगर क्षेत्रभित्रको नियमित र आकस्मिक आवश्यकताको लागि आवश्यक पर्ने औषधी लगायत स्वास्थ्य समाग्रीहरुको आपूर्ती भण्डारण र वितरणलाई व्यवस्थित गरिनेछ ।

१०५. विभिन्न उमेर समूहमा हुनसक्ने स्वास्थ्य जोखिमहरू शीघ्र पहिचान गर्न नियमित रुपमा स्वास्थ्य परीक्षण सेवा र स्वास्थ्य शिविर सञ्चालनलाई विस्तार गरिनेछ।

१०६. आयुर्वेदिक पञ्चकर्म तथा प्राकृतिक चिकित्सा सेवा सहितको नागरिक आयोग केन्द्रको सेवा विस्तार गरिनेछ।

१०७. विशेषज्ञ तथा विशिष्टीकृत स्वास्थ्य सेवालाई सुदृढ गर्दै हाल सञ्चालनमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रलाई यथाशीघ्र १५ शैयाको हस्पिटलको रुपमा सञ्चालन गरिनेछ।

१०८. विपन्न तथा असहाय वर्गहरूका स्वास्थ्य सेवा पहुँच अभिवृद्धि गर्न निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम सघन रुपमा सञ्चालन गरिनेछ।

१०९. योजनाबद्ध विशेषज्ञ स्वास्थ्य शिविरको आवधिक रुपमा सञ्चालन तथा दूर चिकित्सा विधि मार्फत नगरवासीहरूको विशेषज्ञ स्वास्थ्य पहुँच वृद्धि गरिनेछ।

११०. लागू पदार्थको नियन्त्रण मदिरा तथा सुर्तीजन्य पदार्थको बिक्री वितरण तथा प्रयोगलाई बहुक्षेत्रीय सहकार्यमा नियमन गरिनेछ।

१११. क्षयरोग, एचआइभी एड्स लगायत सरुवा रोगको रोकथाम नियन्त्रण र निवारणका लागि प्रभावकारी सचेतनामूलक कार्यक्रम कार्यान्वयन गरिनेछ।

११२. रेबिज सर्पदंश लगायत पशुजन्य र किटजन्य रोग जस्तै मलेरिया, डेङ्गु, हात्तीपाइले, स्क्रब टाइफस कालाजार रोगको रोकथाम नियन्त्रण र उपचारका लागि स्वास्थ्य संस्थाहरुमा सेवा विस्तार गरिनेछ।

११३. सिकल्सेल एमेनिया तथा थालिसिमिया रोगको रोकथाम र निशुल्क उपचारको लागि उचित योजना बनाई कार्यान्वयन गरिनेछ।

११४. ढुधजन्य मासुजन्य तथा अन्य पदार्थको तोकिएको मापदण्ड अनुसारको गुणस्तर कायम गर्न आवश्यक समन्वय गरिनेछ।

११५. अति विपन्न समुदायका महिला तथा बालबालिकाको पोषण सुधारका निमित्त विशेष लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

११६. स्वास्थ्य, पोषण, जीवन उपयोगी सीप, वृहत्त यौनिकता शिक्षा तथा सूचना, सिकलसेल एनेमिया तथा थालसेमिया आयुर्वेदिक वैकल्पिक चिकित्सा प्रद्धती योग लगायतका विषयहरु विद्यालयको स्थानीय पाठ्यक्रममा समावेश गरी सचेतना अभिवृद्धि गरिनेछ।

११७. नगरपालिकाका नागरिकहरुको स्वास्थ्य अवस्था (उमेर समुह, क्षेत्र आदिका आधारमा स्वास्थ्य), खानपान एवं अन्य विषय समेत समेटी पालिका स्वास्थ्य प्रोफाइल निर्माण गरि त्यसका आधारमा अल्प, मध्यम र दिर्घकालिन गुरुयोजना निर्माण गरिने छ ।

११८. टेलिमेडिसिन मार्फत नगरपालिका नागरिकलाई सेवा दिन इच्छुक अस्पताल एवं संघ संस्थाको पहिचान गर्ने र त्यसको व्यवस्था मिलाईने छ ।

११९. नगरपालिका क्षेत्रभित्र चौमाशिक रुपमा बृहत रक्तदान कार्यक्रम आयोजना गरी र्कत संचार केन्द्र ब्लड बैंकबाट उपलब्ध गराईनेछ।

१२०. आमा सुरक्षा कार्यक्रम अन्तर्गत यस नगर भित्रका प्रसुति गृहमा प्रसुति सेवा लाई प्रभावकारी बनाउन सुत्केरी सेवाको लागि यस नगरभित्र रहेका एम्बुलेन्स सेवालाई नि:शुल्क रुपमा चौबिसै घण्टा सञ्चालन हुने गरी तयारी अवस्थामा राखी संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१२१. संविधान प्रदत्त स्वास्थ्य सम्वन्धी मौलिक हकको कार्यान्वयनका लागि नगर क्षेत्रभित्र रहेका सबै स्वास्थ्य संस्थाहरुको सवलीकरण, क्षमता अभिवृद्धि तथा स्तरोउन्नति गर्ने नीति लिइनेछ । सरकारले घोषणा गरेका निशुल्क औषधि वितरणलाई थप प्रभावकारी बनाइनेछ ।

१२२. नगरपालिकामा सिकलसेल सन्दर्भमा सचेतना कार्यक्रम, सिकलसेलको परिक्षण तथा उपचारको स्क्रिनिङ्ग शिविर संचालन गर्ने व्यवस्था मिलाइनेछ । सिकलसेल रोग पहिचान,रोकथाम अभियान नियन्त्रण घोषणा कार्यक्रम सम्पन्न भए पश्चात सिकलसेल रोगको राष्ट्रिय उपचार केन्द्रमा सुचिकृत, आवश्यक उपकरण र जनशक्तिको लागि पहल गर्ने तथा प्रयोगशाला ब्यवस्थापन गरिनेछ ।

१२३. नगरपालिका, बन उपभोक्ता समुह, स्थानीय समुदाय र संघीय तथा प्रदेश सरकारको सहकार्यमा  सर्पदंश उपचार केन्द्र निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१२४. सङघीय सरकारको स्वास्थ्य बीमा सम्वन्धी कार्यक्रम अन्तर्गत नगरवासीको स्वास्थ्य विमा गराउन चेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

१२५. बरघर, गुरुवा, सुडेनी र धामी झाक्रीहरुलाई स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिनेछ।

१२६. महिला स्वास्थ्य स्वयंसेविका स्वास्थ्य संस्थाको तल्लो इकाई भएको, समुदायसँग प्रत्यक्ष जोडिएको, विशेष गरी आमा र बच्चाको स्वास्थ्य सुधारमा खटिने भएको हुँदा निजहरुको सेवाको उच्च मूल्याङ्कन गर्दै प्रोत्साहन स्वरुप आवश्यक संचार रकमको व्यवस्थापन गरिनेछ।

१२७. आयुर्वेद सेवालाई विस्तार गर्दै समुदायमा आयुर्वेद सेवाको जनचेतना फैलाई स्वस्थ जिवन जीउने पद्धतिको विकास गर्न वजेट विनियोजन गरिनेछ।आयुर्वेद औषधालयमा पञ्चकर्म सेवा यसै आर्थिक वर्ष देखि प्रारम्भ गरिनेछ।

१२८. विपन्न समुदायका अति गरिब परिवारका लागि औषधी उपचारमा सहुलियत प्रदान गरिनेछ।

१२९. नगरभित्रका नगरवासीलाई पोषणको स्थितिमा सुधार ल्याउन जनचेतनाको माध्यमबाट खानामा विविधिकरण ल्याई पोषण स्थितिमा सुधार, स्वास्थ्य जनशक्ति विकासको आधार भन्ने नारा सहित अभियान सञ्चालन गरिनेछ।

१३०. डेङ्गु रोग रोकथाम तथा नियन्त्रणका सूचनाको उत्पादन, प्रकाशन तथा वितरण कार्य गरी डेङ्गु सचेतनाका लागि समुदाय तथा विद्यालय सचेतना कार्यक्रम संचालन गरिनेछ। साथै डेङ्गु, मलेरिया, इन्सेफलाइटिस रोगहरुको रोकथाम तथा नियन्त्रणका लागी वयस्क लामखुट्टे तथा लार्भा खोज तथा नस्ट गर्न अभियान संचालन गर्न बहुनिकाय समन्वय मार्फत समुदायमा आधारित विभिन्न संघ संस्थालाई समेत परिचालन गरिनेछ।

सभाअध्यक्ष महोदय,

१३१. शहरी विकास मन्त्रालयसंगको सहकार्यमा यसै आर्थिक बर्षमा राजापुर नगरपालिकाको नगर गुरुयोजना तर्जुमा गरी नगरको अल्पकालिन, मध्यमकालिन तथा दीर्घकालिन बिकास लक्ष्यहरु निर्धारण नगर गुरु योजना तयार गरि गुरुयोजनाको आधारमा प्राथमिकताक्रम निर्धारण गरेर यस वर्ष देखि नै योजनाबद्ध ढंगले विकासका कार्यहरु संचालन गरिनेछ।

१३२. राजापुर नगरपालिकाको आन्तरिक श्रोत अत्यधिक न्यून हुने र पुर्वाधारका योजनाहरुमा लागत धैरै हुने भै दिगो विकास लक्ष्य उन्मुख हुनका लागि नगरपालिकाका पुर्वाधारमा

लगानीका लागि विभिन्न वित्तिय उपकरण तथा श्रोत परिचालन गर्न नगर विकास कोषसँग साझेदारी गरिनेछ।

१३३. यातायात सेवा नै विकासको मेरुदण्ड भएकाले सडक निर्माण कार्यलाई मापदण्ड बमोजिमको निर्माण प्रक्रिया अपनाइनेछ । विकास निर्माण गर्दा दिर्घकालिन लक्ष्य लाई मध्यनजर राखी निर्माण गरिनेछ।

१३४. पूर्वाधार निर्माणका क्षेत्रमा जनपरिचालन र जनसहभागितामा आधारित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ। विकास निर्माणका योजनाहरु सञ्चालन गर्दा आउने अवरोध, बाधा र द्धन्दको निराकरण गर्न विवाद समाधान उपसमिति गठन गरि समन्वय र सहजिकरण गरिनेछ।

१३५. नगरपालिका भित्र नागरिकलाई वस्ती सँग जोड्न राजापुर रिङ्गरोड अवधारणालाई कार्यान्वय गर्न प्रदेश सरकार सँग समन्वय गरिनेछ।

१३६. नगरपालिका क्षेत्रमा ६ मि .भन्दा कम चौडाईका सडकमा लगानी नगर्ने र हाल थप विस्तारित भित्रि सडकहरुमा न्यूनतम ६ मिटर सडक कायम गरिनेछ । सडकको फुटपाथलाई व्यवस्थापन गरिनेछ।

१३७. संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा विभिन्न पक्की पुलहरु निर्माण गरिनेछ। संघीय सरकार र नगरपालिकाको संयुक्त साझेदारीमा सञ्चालित योजनाहरुलाई समयमा नै सम्पन्न गर्न सम्बन्धीत सरोकारवालाहरु सँग समन्वय गरिने छ।

१३८. भैरहेका संरचनाहरुको नियमित मर्मत संभारको लागि मर्मत संभार कोषको व्यवस्था गरिनेछ । सोको लागि नगरबाट सञ्चालित हुने योजनामा विनियोजित रकमबाट १% प्रतिशतले रकम घटाइ मर्मत सम्भार कोषमा जम्मा गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१३९. समुदायका घरहरु भुकम्प प्रतिरोधी बनाइ सुरक्षित आवास सुरक्षित शहर निर्माण गर्ने उद्देश्यले नगरपालिकाले आगामी समयमा घर बनाउने डकर्मीहरुलाई डकर्मी तालिम उपलब्ध गराइ कम जोखिम घर निर्माण गर्न घर नक्सा मापदण्ड कडाइका साथ लागु गरिनेछ र अनलाईन घरनक्सा प्रणालीको विकास गरिनेछ।

१४०. आर सि सि सिमेन्टका घर मात्र नभई अन्य मोडलका घर अनुसन्धान गरी बसोबासका लागि उपयुक्त र कम लगानीमा घर निर्माण हुने संघिय सरकार र प्रदेश सरकारको समन्वय र सहयोगमा नयाँ नीति लिइनेछ।

१४१. जोखिम स्थानमा छरिएर रहेका समुदायका घरहरु कम जोखिम हुने उच्च स्थानमा सार्नुपर्ने र विपन्न एवम लोपोन्मुख समुदायका व्यक्ति परिवार छनौट गरी एकिकृत वस्ती विकासको नीति लिइनेछ।

१४२. नगर भू-उपयोग योजानाले तोकेका स्थानहरुमा भवन निर्माण संहिताले निर्धारण गरेको मापदण्ड अनुसार व्यवस्थित, सुन्दर र सुविधा सम्पन्न बस्ती निर्माण गर्न घर धनीलाई प्रोत्साहन कार्यक्रम शुरु गरिनेछ।

१४३. यस नगरपालिका भित्र अब निर्माण गरिने सम्पूर्ण सरकारी तथा सार्वजनिक भवनहरु भवन निर्माण संहिताको अधिनमा रही अपांगमैत्री, बालमैत्री तथा लैङ्गिकमैत्री, भूकम्प प्रतिरोधात्मक बनाइनेछ।

१४४. सुरक्षित घर निर्माणका लागि नक्सा पास गरेर मात्र घर निर्माण गर्न चेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

१४५. नगरको व्यवस्थित शहरीकरणका लागि भवन निर्माण मापदण्डलाई थप प्रभावकारी रुपमा लागु गर्न निर्माण व्यवसायी तथा डकर्मीहरुलाई चरणवद्धरुपमा तालिम दिइनेछ। यसरी तालिम लिएका व्यवसायीलाई मात्र नगरमा भवन निर्माणको अनुमति दिने व्यवस्था गरिने छ। घर नक्सा पास सम्बन्धमा अनुगमन समिति बनाई मापदण्ड विपरित संरचनाहरुको लगत लिने कार्य समेत अघि बढाईनेछ।

सभाअध्यक्ष महोदय,

१४६. राजापुर नगरपालिकाका सम्पूर्ण नागरिकहरुलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहँच पुर्याउने उदेश्यले कार्यक्रम संचालन गरिनेछ।

१४७. नगरवासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउन खानेपानी संरचना बनेको वडामा खानेपानी सुचारु गर्न र खानेपानीको पाइप लाईन बिस्तार गर्न पहल गरिनेछ। साथै नगरवासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ।

१४८. राजापुर नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता योजना (वास योजना) अध्यावधिक गर्न तथ्याङ्क संकलग गरि NWASH-MIS प्रणालीमा अध्यावधिक गरिनेछ।

१४९. राजापुर नगरक्षेत्र भित्र सरसफाई सम्वन्धी जनचेतना अभिवृद्धि तथा सरसफाई अभियानलाई निरन्तरता दिइनेछ।

१५०. खानेपानीमा आर्सेनिक तथा कोलिफर्म लगायतका पानीको शुद्धिकरण सम्बन्धी परीक्षणको व्यवस्था गरी नागरिकलाई शुद्ध पीउने पानीको शुद्धिकरणको व्यवस्था मिलाइनेछ।

१५१.	नगरको खानेपानी सरसफाई तथा स्वच्छता, योजनालाई कार्यन्वयन गर्न पुर्ण सरसफाई युक्त वडा/नगर घोषणा गर्ने कार्यलाई निरन्तरता दिई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । विद्यालय र सार्वजनिक स्थानमा फोहोरमैला व्यवस्थापनका लागी संरचना निर्माण गरिनेछ ।

१५२.	समुदायस्तरमा एक घर एक धाराको नीति अवलम्बन गरिनेछ । सोको लागि खानेपानी ट्याङ्की निर्माण आयोजना मागका लागि प्रदेश र संघीय सरकारसंग पहल गरिनेछ ।

१५३.	दिसाजन्य लेदो व्यवस्थापनका लागि विकास साझेदारको समन्वयमा आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१५४.	“म बनाउछु सुन्दर मेरो नगर ” कार्यक्रम अन्तर्गत प्रत्येक विद्यालयले वर्षमा एक पटक आफैले उत्पादन गरेको फूलका बिरुवालाई विद्यालय वरपर, १० मी. सडकको छेउमा अनिवार्य वृक्षारोपण  कार्यक्रम संचालन गरिने छ ।

१५५.	राजापुर नगरपालिका बाढी कटान र डुबानको उच्च जोखिममा रहेकोले संघीय र प्रदेश सरकारसँगको सहकार्यमा तटबन्धन कार्यलाई द्रुत रुपमा अघि बढाई राजापुरलाई सुरक्षित बनाइनेछ ।

१५६.	संघिय सरकार,  प्रदेश सरकार र विकास साझेदारसँग सहकार्य तथा साझेदारीमा राजापुर नगरपालिकामा आधुनिक सिचाई प्रणाली लागु गरिनेछ ।

१५७.	कुलोपानी चौधर्या प्रणाली व्यवस्थापन गरि राजापुर नगरपालिकाका सिचाई कुलो मुहान सरसफाई, मर्मत तथा सम्भार कार्यलाई निरन्तरता दिइनेछ ।

१५८.	राजापुर नगरपालिकाका सम्पूर्ण नगरिकलाई स्वाच्छ खानेपानी तथा सरसफाइमा पहुच पुर्याउने उद्देश्यले कार्यक्रम संचालन गरीनेछ ।

१५९.	पुर्ण सरसफाई वडा घोषणा कार्यक्रम संचालन गरिनेछ ।

सभाअध्यक्ष महोदय,

१६०.	राजापुर नगर क्षेत्र अन्तर्गतमा रहेका  करको दर घटाइ दायरा बढाउने र बढीभन्दा बढी व्यवसायीहरुलाई स्वस्फुर्त रुपमा कर तिर्न प्रोत्साहित गर्न नगरपालिकामा विविध कार्यक्रम सहित कर सप्ताह कार्यक्रम संचालन गर्ने तथा राजश्व संकलन कार्यलाई ब्यवस्थित र करको दर भन्दा दायरालाई फराकिलो गरी वडा कार्यालयबाटै कर, शुल्क दस्तुर असुल गर्ने थप व्यवस्था मिलाइनेछ ।

१६१. श्रोत परिचालनलाई समतामुलक, प्रगतिशिल र न्यायपूर्ण बनाई राजश्वको दायरा बृद्धि गरिनेछ । सबै करदाताहरुको सहभागितामा राजश्व अभिबृद्धिगरी कुल बजेटमा आन्तरिक आम्दानीको अंश बृद्धि गरिदै लगिनेछ ।

१६२. श्रोत व्यवस्थापनलाई वैज्ञानिक, यथार्थ परक र व्यवस्थित गर्न कम्प्युटीकृत Computer Software को प्रयोगबाट Database का आधारमा कर शुल्क संकलन कार्यलाई थप प्रभावकारी बनाईनेछ ।

१६३. आन्तरिक राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउन भौतिक सुविधा सम्पन्न स्थान र दक्ष जनशक्तिको परिचालन गर्नुका साथै कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धिमा समेत विशेष ध्यान दिइनेछ ।

१६४. उपभोक्ता समिति मार्फत सञ्चालन हुने कुनै पनि योजनाहरुको सम्झौता गर्नु अगावै उपभोक्ता समितिका पदाधिकारीहरुले नगरपालिकालाई बुझाउनु पर्ने कर, शुल्क,दस्तुर चुक्ता गर्न अनिवार्य गरिनेछ ।

१६५. वित्तीय श्रोत परिचालन र व्यवस्थापनमा निजि क्षेत्र र नागरिक समाजको सहभागिता र सहकार्यलाई बढाउदैं लगिनेछ । सम्पूर्ण करदातालाई स्वःस्फुर्त रुपमा करको दायरामा ल्याई आफूले तिरेको करको उचित उपयोग भएको छ भन्ने अनुभूति दिलाईनेछ । नगरपालिकालाई नियमित र बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ ।

१६६. नगरपालिकाद्वारा गर्ने राजश्व सम्बन्धी निर्णय र आर्थिक कारोवारमा पारदर्शिता र सहभागिता प्रवर्द्धन गरिनेछ । वित्तीय अनुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई सक्षम बनाई वित्तीय सूचनाको अभिलेख र प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाईनेछ ।

१६७. नगरपालिकाको श्रोतसाधन र सम्पत्तिको उच्चतम प्रयोग र परिचालनद्वारा प्रशासनिक एवं अनुत्पादक खर्चमा नियन्त्रण गरी विकास कार्यमा गरिने पूँजीगत लगानीमा बृद्धि गर्दै लगिनेछ ।

१६८. नगरपालिकाले उठाउने कर, दस्तुर तथा शुल्कलाई व्यवस्थित, पारदर्शी र प्रभावकरी तुल्याउन आवश्यकता अनुसार कार्यविधि निर्देशिका तयार गरी लागू गरिनेछ ।

१६९. नगरको विकास निर्माण तथा सेवा सुविधा प्रवाह गर्न आवश्यक पर्ने वित्तीय श्रोतको कमिलाई पूर्ति गर्न संघ सरकार, प्रदेश सरकार, दातृ निकाय तथा संघ-संस्था र निजि क्षेत्र एवं नागरिक समाज लगायत सबै सम्भाव्य आन्तरिक एवं बाह्य क्षेत्रका निकायसँग समन्वय गरी श्रोतको अधिकतम परिचालन गरिनेछ ।

१७०. नगरपालिकाको स्वामित्वमा भोगाधिकार रहेको र नगरपालिकाले संरक्षण र परिचालन गर्नसक्ने भवन, जग्गा, जमिन तथा अन्य भौतिक सम्पत्तिको अभिलेख अध्यावधिक गरी

राजश्व आम्दानी गर्ने माध्यामको रुपमा परिचालन गरिनेछ । यस्ता श्रोतको परिचालन गर्दा प्रतिस्पर्धात्मक पद्धतिद्वारा नीजि क्षेत्रलाई सहभागी गराउदैं लगिनेछ ।

१७१. श्रोत परिचालनमा नीजि क्षेत्रको सहभागितालाई प्रवर्द्धन गर्न PPP अवधारणामा आधारित कार्यक्रममा प्रतिस्पर्धात्मक पद्धतिका अतिरिक्त प्रस्तावका आधारमा Negotiation पद्धतिलाई समेत अवलम्बन गरिनेछ।

१७२. नगरपालिका अन्तरगतका हाटबजारहरु अस्थायी हाटवजार, बसपार्क जस्ता स्थानमा पूर्वाधार सुधार गरी स्तरवृद्धि गरिदै लगिनेछ । उक्त क्षेत्रको सञ्चालन र व्यवस्थापनमा निजि क्षेत्रलाई सहभागी गराइने नीति लिईनेछ ।

१७३. नगरपालिकाद्वारा वहालमा लगाईएका सम्पत्तिहरुको वहाल बन्दोबस्त गर्दा प्रचलित बजारदरको आधारमा वहाल कायम गरी प्रतिस्पर्धात्मक विधि/प्रक्रिया अपनाईनेछ ।

१७४. नगरपालिकाको अधिकार क्षेत्र अन्तर्गत रहेका (ई रिक्सा र अटो रिक्सा) साना सवारी साधनहरुको दर्ता प्रक्रिया यथाशिघ्र अगाडी बढाईनेछ साथै उक्त सवारी साधनको दुरी अनुसारको भाडा दर निर्धारण गरिनेछ ।

सभाध्यक्ष महोदय,

१७५. अपाङ्गता भएका व्यक्तिप्रति गरिने सबै प्रकारको अन्धविश्वास, विभेद हिंसा र शोषणलाई नियन्त्रण र निवारण गर्न निरोधात्मक उपचारात्मक र नियमनकारी व्यवस्थाको माध्यमबाट सम्बोधन गरिनेछ ।

१७६. कार्यालय तथा सार्वजनिक स्थलहरूमा अपाङ्गता भएका व्यक्तिहरूमा हुने विभेद एवं दुर्व्यवहार विरुद्ध विद्यमान कानुनी व्यवस्थाको प्रचारप्रसार गरिनेछ।

१७७. विपद्को अवस्थामा अपाङ्गता भएका व्यक्तिलाई उद्धार, राहत, पुनर्लाभ तथा पुनर्स्थापनामा विशेष प्राथमिकता दिइनेछ।

१७८. उद्यम एवं उद्योगसँग सम्बन्धित सीप विकास कार्यक्रम सञ्चालन गरी फरक क्षमता भएका व्यक्तिहरुको आर्थिक क्रियाकलापमा वृद्धि गरिनेछ।

१७९. स्वरोजगार र उद्यमशीलता सम्बन्धी कार्यक्रममा अपाङ्गता भएका व्यक्तिको आर्थिक क्रियाकलापमा पहुँच अवसर र लाभ सुनिश्चित गरिनेछ।

१८०. अपाङ्गता भएका व्यक्तिहरूले व्यापार व्यवसाय साथै उद्योगमा लगानी गर्नको लागि आवश्यक जानकारी तथा सूचना प्रदान, अनुदान छुट सुविधा प्राप्त गर्न समन्वय र सहजीकरण गरिनेछ।

१८१. सडक भवन लगायतका सार्वजनिक भौतिक संरचना तथा पूर्वाधारहरू अपाङ्ग मैत्री र पहुँचयुक्त बनाइनेछ।

१८२. महिला, एकल महिला, दलित महिला, अपाङ्ग महिला, मुक्त कमलरी महिला उद्यमीलाई सबै किसिमको तालिममा ५० प्रतिशत नघटाइ सहभागिता गराईनेछ ।

१८३. सामाजिक समाबेशीकरण नीति निर्माण गरी लैङ्गिक मैत्री बजेटमा जोड दिइनेछ ।

१८४. एकल महिला, बेरोजगार महिला तथा अति पिछडिएका र बिपन्न महिलाहरुको लागि रोजगारमूलक सिप र तालिमको व्यवस्था गरिनेछ ।

१८५. सबै प्रकारका घरेलु हिंसा न्यूनिकरण गरिनेछ । लैंगिक हिंसा अभियान वर्ष मनाउनको लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

१८६. महिला शशक्तिकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुलाई जीविकोपार्जनका लागि सीपमुलक तालिमहरु संचालन गरिनेछ ।

१८७. बालबिवाह न्यूनिकरण तथा महिला शसक्तिकरणका लागि लैङ्गिक उत्तरदायी बजेट निर्देशिकाले निर्देश गरे बमोजिमका सचेतना आय मुलक र शिपमुलक, लैङ्गिक मैत्री क्रियाकलाप संचालन गरिनेछ । बालविवाह रोकथाम तथा न्यूनिकरणको लागि बालविवाह न्यूनिकरण रणनीति र नीतिलाई कार्यान्वयन गरिनेछ ।

सभाध्यक्ष महोदय,

१८८. रोजगारी श्रृजना गर्नका लागि युवा स्वरोजगार कोष स्थापना गरी युवा उद्यमी तथा व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ ।

१८९. युवाहरुलाई पुनर्वल बढाउने सकरात्मक सोच सम्बन्धी तालिम सञ्चालन गरिनेछ । युवाहरुमा रहेको प्रतिभा प्रस्फुटन गर्ने अवसरको सिर्जना गरिनेछ । साथै महिला खेलाडीहरुलाई प्रोत्साहनका कार्यक्रमका सञ्चालन गरिनेछ ।

१९०. खेलप्रति रुचि बढाउन नगर कप, मेयर कप, राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता खेलकुद कार्यक्रमहरु सञ्चालन गर्दै उत्कृष्ट खेलाडीहरुलाई प्रोत्साहन गरिनेछ ।

१९१. खेलकुद प्रवर्द्धनका लागि नगरमा बहुउदेशिय नगर कभर्ड हल निर्माणका लागि प्रदेश सरकारलाई पहल गरिनेछ ।

१९२. वडा क्लब गठन तथा नमूना युवा संसद अभ्यास कार्यक्रम संचालनको व्यवस्था मिलाइनेछ ।

१९३. खेलकुद तथा स्काउट कार्यक्रम आयोजना गरी युवा लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

१९४. राजापुर नगरपालिका अन्तरगतका सम्पूर्ण सार्वजनिक कार्यालयहरुमा स्तनपान कक्ष विस्तार गरिनेछ ।

महोदय,

१९५. नगरपालिका स्तरीय मेला प्रदर्शनी कार्यक्रम संचालन गरिनेछ।

१९६. राजापुर नगरपालिकाबाट निर्माण भएको गुरु योजनालाई कार्यान्वयनमा लगिनेछ ।

१९७. नगरपालिका भित्रका विद्यालयहरु संगको सहकार्यमा गर्न सकिने सांस्कृतिक जात्रा वा मेलाको आयोजना गरिनेछ।

१९८. खेल पर्टयनको माध्यमबाट राजापुर नगरपालिकालाई चिनाउने तथा आयमा बृद्धि गर्ने रणनीति लिईनेछ ।

१९९. ऐतिहासिक, सास्कृतिक, धार्मिक सम्पदाहरुको संरक्षण गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।

२००. यस नगर क्षेत्रभित्र रमणीय गेरुवा र कर्णाली नदीको आसपासमा पर्यटकहरु रमाउने उद्देश्यले गुणस्तरीय एवं Organic होटल (रैथाने बाली) तथा रिसोर्ट निर्माणको लागि नीजि लगानीकर्ताहरुलाई प्रोत्साहन गरिनेछ ।

२०१. राजापुर नगरपालिका वडा न २ मा रहेको राष्ट्रिय थारु संग्रालयको संरचना निर्माणको पहल गरिनेछ ।

२०२. रमणीय प्राकृतिक सम्पदा अर्नहुवा (अर्नौह्वा) तालको संरक्षण तथा विकास गरिनेछ।

२०३. लोपउन्मुख जाति सोनाहा होमस्टे लगायत अन्य क्षेत्रमा थारु होमस्टे संचालन गर्न प्रोत्साहन गरिनेछ ।

२०४. पर्यटकलाई आकर्षण गर्न गेरुवा र कर्णाली नदीको किनारमा डल्फिन अवलोकन भ्यू टावर निर्माणका लागि निजि क्षेत्रलाई लगानि गर्न वातावरण सहज गरिनेछ ।

२०५. वडा नम्बर १० मा रहेको निर्माणाधिन कोठियाघाट पिकनिक स्पोटलाई पर्यटकिय स्थलको रुपमा विकास गरिनेछ ।

महोदय,

२०६. प्रत्येक वडामा आपतकालीन उद्धार समुह गठन गरि उनीहरुलाई प्राथमिक उपचार तालिम प्रदान गरिने छ। विपद् फोकल शिक्षकहरुलाई तालीमको व्यवस्था गरिनेछ।

२०७. विपद व्यवस्थापनको लागि संघ र प्रदेश सरकार लगायत अन्य दातृ निकायसँग समन्वय, सहकार्य गर्ने नीति लिइनेछ।

२०८. विपद व्यवस्थापन कोषमा प्रयाप्त रकम विनियोजन गरि सम्भाव्य विपद् पूर्व सावधानीका उपाय र विपद् पश्चात हुने क्षति न्यूनिकरण र राहत तथा पुनर्स्थापना कार्यलाई प्रभावकारी ढङ्गले निरन्तरता दिइनेछ।

२०९. जिविकोपार्जनका लागि वनको अवधारणालाई सार्थक तुल्याउन यस नगरपालिकाभित्र रहेका सामुदायिक, साझेदारी वनको वैज्ञानिक व्यवस्थापनमा जोड दिइनेछ।

२१०. नगरका सार्वजनिक प्रकृतिका क्षेत्रहरुको अतिक्रमण बढ्दै गएकोले प्रत्येक वडाका वडाध्यक्षको संयोजकत्वमा सार्वजनिक जग्गा संरक्षण उपसमिति गठन गरि सम्बन्धीत वडामा रहेको सार्वजनिक जग्गा, ताल, पोखरी, गौचरण लगायतका सार्वजनिक महत्वका क्षेत्रको संरक्षण तथा सम्बर्द्धन गरिनेछ।

२११. सौर्य उर्जाको प्रयोग गरी विद्युत्तीय उर्जाको खपत गर्नुपर्ने अवस्थालाई मध्यनजर गरी नवीकरणीय उर्जा र वैकल्पिक उर्जाको प्रयोगलाई उच्च प्राथमिकता दिइनेछ।

२१२. जलवायु परिवर्तन तिब्ररुपमा भएको हुदाँ यसका बहुआयमिक असर र जोखिमहरु देखा परेका छन । यसले प्रर्यावरणमा र आर्थिक, सामाजिक, साँस्कृतिक क्षेत्रमा नकारात्मक असरहरु पारेको छ । समयमै गरिने जोखिम न्यूनिकरण र अनुकुलनका प्रयासले जलवायुजन्य हानी तथा नोक्सानीलाई कम गरी समुदायको अनुकुलन क्षमता र जलवायु उत्थानशिल विकासलाई प्रवर्द्धन गर्ने कार्यक्रम र क्रियाकलापहरु संचालन गरिनेछ।

२१३. आम सर्वसाधारण, बालबालिका र नागरिकको बानी व्यावहोरा बातावरण र जलवायु मैत्री बनाउन व्यक्ति, घरधुरी, विद्यालय र टोल टोलमा फोहरमैला व्यवस्थापन, निजि र सार्वजनिक जग्गामा बृक्षारोपण, पलास्टिकको न्यून प्रयोग, जैविक पदार्थ (फोहर, पराल, नल, ढोड, पलास्टिक डढाउने कार्य पुर्ण रुपमा रोक लगाउने) सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ।

२१४. नगरपालिका भित्र रहेका संम्वेदनशिल र जोखिममा रहेका सिमसार, पोखरी (चटिया), तालतलैयाहरुको संरक्षण गर्ने कार्यक्रम समावेश गरी स्थानीय महिला, युवा र समाजिक संघ सस्थाहरुको सहभागितामा बातावरण संरक्षण जलवायु परिवर्तनको स्थानीय अनुकुलन योजनाहरु संचालन गरिनेछ।

२१५. उन्नत सुधारिएको चुलोको उपयोग कार्यमा बिस्तार गरी इट्टा भट्टा र अन्य कलकारखानामा हुने उत्सर्जनलाई कटौती गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

२१६. विद्युतिय र अन्य स्वस्थ प्रविधिबाट उत्पादित इट्टाहरुको प्रयोगमा र खाली/ बाँझो सार्वजनिक/ निजि जग्गालाई हरित उद्यानको रुपमा विकास गरिनेछ । टोल विकास सरसफाई अभियान संचालन गरिनेछ ।

२१७. ड्रोन क्यामेराको प्रयोग मार्फत विपतको समयमा उद्दार र राहत वितरणलाई प्रभावकारी बनाइनेछ साथै  अटोमेटिक साइरनको व्यवस्था गरिनेछ ।

२१८. प्रत्येक महिनाको अन्तिम शुक्रबार लाई डिजेल र पेट्रोल रहित सवारी साधन (कार-फ्री डे) घोषणा गरि कार्वन उत्सर्जनन् न्युनिकरणको अभियान चलाइनेछ ।

२१९. मृत्यु सस्कार लगायत जाडो समयमा आवश्यक पर्ने काठ दाउराको व्यवस्थापनका लागि सामुदायिक वनसँग समन्वय गरिनेछ ।

२२०. वडा नं.१० मा अवस्थित गौशालालाई थप व्यवस्थित गरिनेछ । बजारमा छाडिएका चौपाया व्यवस्थापनका लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

महोदय,

२२१. दिगो विकास लक्ष्यको कार्यान्वय प्रकृयालाई तिब्रता दिईने छ । स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने लक्ष्यहरु प्राप्त गर्न नगरपालिकाले दिगो विकास रणनीति बनाई लागु गर्नेछ ।

२२२. दिगो विकास लक्ष्यको स्थानीयकरण र सूचनामा आधारित आयोजना प्राथमिकरण गरिनेछ ।

२२३. दिगो विकास लक्ष्य कार्यान्वयनमा निजि क्षेत्र, सहकारी क्षेत्र, विकास साझेदार, गैर सरकारी क्षेत्र र अन्य सबै सरोकारवाला सँगको सहकार्यलाई थप प्रभावकारी बनाईनेछ ।

२२४. नगरवासीलाई आधारभूत सेवा सुविधा सहजतापूर्वक प्रदान गर्न संस्थागत क्षमता विकास गरिनुका साथै कर्मचारीहरुलाई क्षमता अभिवृद्धि तालिम प्रदान गरिनेछ ।

२२५. बिद्युतीय नागरिक वडापत्र तथा नागरिकलाई सूचना दिन मोवाइल एप्लिकेसनहरुको प्रयोग गरिनेछ । राजापुर नगरपालिकाको एकीकृत मोबाइल एपको बारेमा प्रचार-प्रसार गरिनेछ ।

२२६. नगरपालिकाका सवै वडा कार्यालयहरुमा इन्टरनेट सेवा प्रभावकारी ढङ्गले संचालन तथा व्यवस्थापन गरिनेछ र समुदाय स्तरमा Wifi Free Zone क्षेत्रहरु तयार गरी नगरवासीलाई सूचना प्रविधिको पहुँच उपलब्ध गराउने निति लिइनेछ  । साथै शहरी शुरक्षा तथा सडक दुर्घटना न्यूनीकरणका लागि बजार क्षेत्र तथा राजमार्गमा  CCTV Camera थप जडान गरिनेछ ।

२२७. नगरपालिकाबाट नागरिकहरुलाई प्रदान गरिने सेवा सुविधाहरुमा छिटो छरितो र प्रभावकारी बनाउन कम्प्युटर प्रणालीको प्रयोग र कर्मचारीहरुलाई कम्प्यूटर तालिम प्रदान गरिनेछ।

२२८. जनताले स्वामित्व ग्रहण नगरेसम्म विकास प्रयासहरु दिगो तथा प्रभावकारी हुन सक्दैनन् तसर्थ नगरक्षेत्रभित्र वरघर प्रणालीलाई विकासको आधार स्तम्भका रुपमा परिचालन गरिनेछ।

२२९. नगरपालिकाको कार्य सम्पादनलाई पारदर्शीता र जवाफदेहिता कायम हुने गरी छिटोछरितो, गुणस्तरिय र प्रविधिमैत्रि बनाइनेछ। यसका लागि उच्च प्रविधि प्रयोगमा ल्याई डिजिटल पालिका घोषणाका सुचक र अभियान संचालन गरि विद्युतिय सेवा प्रवाहबाट नगरपालिकाको कार्य सम्पादन गर्ने प्रणालीको विकास गर्दै भ्रष्टचारको शून्य सहनशिलताको नीति अबलम्बन गरिनेछ।

२३०. सेवा प्रवाहका हरेक क्षेत्रमा प्रविधिको विकास तथा विस्तार गरी विद्युत्तीय शासन (E-Governance) लाई कार्यान्वयन गर्ने नीति लिईनेछ।

२३१. नगरबासीहरुको राय सुझाव संकलन, गुनासो व्यवस्थापन र जबाफदेहिता बहन गर्नका लागि नगरपालिकासँग नगरबासीको सोझो सम्पर्कको लागि हरेक वडामा र नगर कार्यपालिकामा गुनासो पेटिकाको व्यवस्थालाई निरन्तरता दिइनेछ। जनताको गुनासो व्यस्थापनका लागि नगर कार्यपालिकामा नगर प्रमुखको संयोजकत्वमा र वडा कार्यालयमा वडा अध्यक्षको संयोजकत्वमा गुनासो व्यवस्थापन समिति गठन गरी गुनासोको सुनुवाई गरिनेछ।

२३२. १० वटै वडा कार्यालयबाट संकलन हुने राजश्वलाई Intranet Computer System बाट नगरपालिकाको केन्द्रिकृत राजश्व प्रणालीमा आवद्ध गराउने कार्यलाई व्यवस्थित गर्दै लगिनेछ।

२३३. नगरबाट प्रदान गरिने सेवाको सम्बन्धमा जनतालाई सुचित गर्न नागरिक वडापत्रलाई Digital Notice Board का माध्यमबाट सेवा सम्बन्धी जानकारीलाई सहज तुल्याईने छ।

२३४. आन्तरिक स्रोतको परिचालनबाट नगरको वित्तिय सवलिकरण र आर्थिक स्थायित्व कायम गरिनुका साथै नगरको वित्तिय पक्षलाई समग्र आर्थिक समृद्धिको मुल आधार बनाईनेछ।

२३५. नगरपालिकाको कार्य सम्पादनलाई छिटोछरितो, पारदर्शी, गुणस्तरिय र प्रभावकारी बनाउन कर्मचारी तालिम, क्षमता विकास सम्बन्धी कार्यक्रम र कार्यसम्पादनमा आधारित अतिरिक्त समय काम गरेवापतको सुविधा दिने व्यवस्थालाई निरन्तरता दिइनेछ।

२३६. जनप्रतिनिधिलाई समयानुकुल प्रविधिमैत्रि बनाउन र क्षमता विकास गर्न तालिम तथा Digital Literacy Program सञ्चालन गरिने छ ।

महोदय,

२३७. नगर भित्रका बेरोजगार युवा/युवतीहरुलाई स्वरोजगार बनाउन स्थानीय श्रोत साधनको उपयोग हुने गरि परम्परागत पेशा तथा आधुनिक सिपसंग साक्षात्कार गराउन बिभिन्न किसिमका तालिमहरु संचालन गरिने छ । साथै दलित समुदायको सिप र कलालाई आधुनिकीकरण गर्नका लागि तालिम र सामग्रीको व्यवस्था गरिनेछ ।

२३८. नगर क्षेत्रभित्रका बेरोजगारहरुको पहिचान गरि संघीय सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारी सिर्जना गर्न थप क्षेत्रहरुको पहिचान गरि रोजगार कार्यक्रम अगाडी बढाईनेछ।

२३९. स्थानीय उत्पादनलाई बजारिकरण गर्नका लागि कोशेलिघर स्थापना गरिनेछ ।

२४०. विपन्न परिवारका व्यक्ति, समुदायहरुलाई प्राथमिकता सुचिका आधारमा रोजगारको अवसर प्रदान गरिनेछ ।

२४१. स्थानीय स्तरमा रोजगारीका थप अवसरहरु सृजना हुन सक्ने प्राविधिक तथा व्यवसायिक तालिम संचालन गरि व्यवसाय संचालन गर्न प्राविधिक सहायता प्रदान गर्ने र व्यवसाय शुरु गरेका व्यक्तिहरुका लागि अनुदानको व्यवस्थापन गरिनेछ ।

२४२. बैदेशिक रोजगारबाट फर्केका तथा भिषा स्वीकृतिभै जान नपाएका बेरोजगार युवाहरुलाई रोजगार सेवा केन्द्रमा सूचीकृत गरि रोजगारीका अवसरहरुमा प्राथमिकता दिइनेछ ।

२४३. बेरोजगार, शहिद तथा बेपत्ता परिवारलाई द्धन्द पिडित, अति विपन्न समुदायका व्यक्तिहरुका लागि आय आर्जन उद्यमशिलता तथा जिविकोपार्जन कार्यक्रम निरन्तरता दिइनेछ साथै नि:शुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२४४. बार्षिक बजेट तथा कार्यक्रमको कार्ययोजना बनाई समयमै लक्षित उपलब्धी हाँसिल गर्ने नीति लिईनेछ ।

२४५. समुदायमा हुने बिकृती तथा परम्परागत प्रथा व्यवहारका कारण हुने समुदाय विवादलाई वडा स्तरको मेलमिलाप सहजकर्ताको माध्यमबाट समाजमा सदभावको भावना कायम गर्ने नीति लिइनेछ ।

२४६. विवाद न्यूनीकरण, दिगो शान्ति र द्धन्द व्यवस्थापनमा मेलमिलापको माध्यमबाट सामाजिक न्यायको सहज पहुच पुर्याइनेछ ।

२४७. नागरिकको गुनासो तथा उजुरी दर्ताको व्यवस्था सफ्टवेयर प्रणालीको व्यवस्थाबाट संकलन गर्ने र न्याय सम्पादनमा प्रभावकारीता ल्याइनेछ।

२४८. विपन्न, असहाय र अति गरिव परिवारको लागि विशेष योजना बनाई कार्यान्वयन गरिनेछ।

२४९. स्थानिय संस्कृति, भेषभुषा रहनसहन लाइ जगेर्ना गरिनेछ। समुदाय सुधार योजना निर्माण गरिनेछ।

२५०. समाजमा सकारात्मक सोंचको बिकास गर्न कुशल नेतृत्व तथा व्यक्तित्व विकासका लागि योग, ध्यान तथा प्रवचन जस्ता उत्प्रेरणात्मक (Motivation) कार्यक्रमहरुको संचालन गरिनेछ।

२५१. बालश्रम मुक्त, बालविवाह मुक्त, बालमैत्री पालिका, वातावरणमैत्री, पलाष्टिक प्रयोगको न्यूनिकरण, धुवारहित, पुर्ण सरसफाईयुक्त, पूर्ण साक्षर नगरपालिका बनाउने अभियानलाई निरन्तरता दिइनेछ।

२५२. महिला, वालवालिका, आदिवासी जनजाति, दलित, अपाङ्ग र पछाडि परेको वर्ग तथा समुदायलाई विकासको मुलधारमा समाहित गर्न प्राथमिकता दिइनेछ।

२५३. गैर सरकारी क्षेत्रलाई आर्थिक सामाजिक विकासको साझेदारको रुपमा लिइनेछ र उनीहरुको क्षमता र अनुभवका आधारमा विकास प्रक्रियामा सहभागी र परिचालन गरिनेछ।

२५४. बेपत्ता ब्यक्तिका पत्निलाई मासिक जिविकोपार्जन भत्ता वितरणलाई निरन्तरता दिइनेछ।

२५५. "जनता सँग नगर प्रमुख र उप प्रमुख कार्यक्रम" लाई निरन्तरता दिइनेछ।

२५६. राजापुर नगरपालिका अन्तर्गतका सम्पूर्ण सरकारी कार्यालयमा बजारमा पाइने कोक, फेन्टा लगायतका चिसो पेय पदार्थमा प्रतिबन्ध लगाएर स्थानिय कृषि र पशुजन्य उत्पादनलाई प्रयोगमा ल्याइनेछ।

२५७. मनोसामाजिक परामर्श सेवा कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ।

महोदय,

२५८. राजापुर नगरपालिकालाई कार्यक्षेत्र बनाइ कार्य (Sustainable Development Goal) गर्ने विकास साझेदार सँग समन्वय गरी समग्र दिगो विकासका लक्ष्य र सुचकलाई मुख्य आधार बनाई जनताको जिवनस्तर उकास्ने, उत्पादनमा बृद्धि गर्ने, जोखिम न्यूनिकरण गरी मानविय सम्बेदनशिलतामा सहयोग पुर्याउने, जोखिम क्षेत्रमा बसोबास गरेका नागरिकलाई बस्ती विकासको योजना ल्याई समुदाय एकीकृत गर्ने, शिक्षा र स्वास्थ्यमा उच्च, दिगो गुणस्तरीय सेवा प्रदान गर्ने तथा कार्य सम्पादनमा विकास साझेदारसँग कार्य गर्ने सहज

वातावरण श्रृजना गरिनेछ । यस्ता कार्यका लागि विकास साझेदार संस्थाको सहयोग अपरिहार्य हुनेछ।

आदरणीय नगरसभा अध्यक्षज्यू

प्रस्तुत नीति तथा कार्यक्रम प्रस्ताव गर्दा दिगो शान्ति, सुशासन, समृद्धी र विकासका लागि स्वस्थ र सक्षम जनशक्ति विकास गर्ने, विकासलाई समावेशी, जनमुखी, नतिजामुखी, सामाजिक न्यायमा आधारित बनाउने, सुशासन कायम गर्ने गराउने, सम्वृद्ध राजापुर नगरपालिकाको दीर्घकालीन उद्देश्य राखिएको छ । यो नीति तथा कार्यक्रम संघीय लोकतान्त्रिक शासन पद्धती, सामाजिक न्याय, समन्यायिक आर्थिक विकास, दीगो विकास लक्ष्य, शान्ति सुरक्षा संग सम्बन्ध राख्दछ ।वार्षिक नीति तथा कार्यक्रमबाट विकासमा जनताको सहभागिताका साथै सबै खाले सामाजिक विभेदको अन्त्य, नागरिक सवलीकरण, ज्ञान र सीप तथा नवप्रवर्तनमा आधारित उत्पादन प्रणाली, प्रविधि विकास मार्फत श्रमको उत्पादकत्व वृद्धि हुनुको साथै यसले समाजवादको मार्ग प्रशस्त गर्दछ भन्ने मेरो विश्वास छ ।

अन्त्यमा, स्थानीय सरकारको दोश्रो कार्यकालमा निर्वाचित  जनप्रतिनिधिहरु पूर्ण रुपमा जवाफदेही भई कार्य सञ्चलान भएको छ । राजापुर नगरबासीहरु प्रति राजापुर नगरपालिका पनि संविधानले गरेको परिकल्पना, राज्यले लिएको दीर्घकालीन उद्देश्य पुरा गर्न सदैव तल्लीन छ । राजापुर नगरपालिकाको यो महान अभियानमा साथ दिनुहुने सबै सक्रिय राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, विभिन्न संस्थागत व्यक्तित्वहरु, वुद्धिजिवी, समाजसेवी, पत्रकार, उद्योगी व्यापारी, कर्मचारी, सुरक्षाकर्मी, जनप्रतिनिधि र सबै विकास साझेदारहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यबाद ।

मनकला कुमारी चौधरी
नगर उप - प्रमुख
राजापुर नगरपालिका, बर्दिया